स/ICT website update

२०७७/११/८

# मालपोत कार्यालय कावासोतीबाट प्रकाशित भू-सेवा केन्द्र संचालन सम्बन्धि अत्यन्त जरुरी सूचना

जग्गा प्रशासन सम्बन्धी सेवालाई समय सापेक्ष परिवर्तन गरी सूचना प्रविधिमा आधारित बनाउने उदेश्यले नेपाल सरकार भूमि व्यवस्थापन तथा अभिलेख विभागको मिति २०७७/१०/१४ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ लागू गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकले भू-सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागि मालपोत नियमावली २०३६ नियम २३क र २३ख बमोजिम योग्यता पुगेका तथा भू-सेवा सञ्चालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पूरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय सरकारले अनुमति लिनको लागि मिति २०७७/१०/२९देखि २०७७/११/२८ सम्म https://public.dolma.gov.np मार्फत अनलाइन निबेदन पेश गरी सोसँग सम्वन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । भू-सेवा केन्द्र अनुमति र योग्यता तपसिल अनुसार हुनेछ ।

तपसिल

| व्यक्तिको हकमा | संस्थाको हकमा | स्थानीय तहको हकमा | कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधरण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| १ नेपा॒ ॒गरिक<br>२.१८ वर्ष उमेर पुरा भएको<br>३.कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको । | १.प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको ।<br>२.संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भै अठार वर्ष उमेर पुरा भएको ।<br>३.संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको । | १.सेवा केन्द्र सञ्चालन गर्ने जनशक्ति र पूर्वाधार भएको । | १.कानून व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाणपत्र भएका ।<br>२.नेपाली नागरिक<br>३.प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको ।<br>४.कर चुक्ताको प्रमाण पत्र भएको ।<br>५. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको । | १.प्रयोगकर्ताको हकमा जग्गाधनी दर्ता प्रमाण पूर्जा भएको ।<br>२ आफ्नो नाममा भएका जग्गाको कित्ता विवरण भू-सूचना प्रणालीमा अद्यावधिक भएको तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले यस कार्यालयमा आइ डाटा अद्यावधिक गराउनु पर्नेछ । |

| व्यक्तिको हकमा | संस्थाको हकमा | स्थानीय तहको हकमा | कानून व्यवसायी वा लेखापढी व्यवसा गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधरण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| ४.प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको ।<br>५.सेवाकेन्द्र सञ्चालनका लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको ।<br>६.नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको । | ४.प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको ।<br>५. कर चुक्ताको प्रमाण पत्र भएको ।<br>६.भू.सेवाकेन्द्र सञ्चालनका लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको । | | | |

भू.सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधार( भू.सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७ )

१.कम्प्युटर

२.प्रिन्टर

३.ब्याकअप सिस्टम

४.स्क्यानर

५.भू.सूचना प्रणालीसँग कम्प्याटिबल हुने बायोमेटिक डिभाइस , वेब क्यामेरा तथा दस्तखत मेसिन

६.कम्तीमा २।२ एमबिपिएसको डेडिकेटेट इन्टरनेट कनेक्टीभिटी

अनुमति पत्रको दस्तुर , अवधि तथा नविकरण सम्बन्धी व्यवस्था

१.साधरण प्रयोगकर्ताले युजर एकाउन्ट खोल्नका लागि सम्बन्धित कार्यालयमा पाँचसय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नवीकरणका लागि ए सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ ।

२.व्यक्तिको हकमा तीन हजार रुपैयाँ

३.संस्था, कानून व्यवसायी वा लेखापढीको हकमा पाँच हजार रुपैयाँ

उक्त दस्तुर को.ले.नि.का.को क (२) ६ विविध खाता अन्तर्गत खाता नं. ०३२०१३३२४६४०००२१ राजश्व शीर्षक १४२२९ कार्यालयको कोड नं.३३६०१४६०१ मा प्रभु बैंक कावासोतीमा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

४. भू.सेवा केन्द्र सञ्चालन अनुमति लिन चाहने व्यक्ति वा संस्थाले ३२००१००१०२०३०००० राष्ट्रिय वाणिज्य बैंक कावासोती कोष तथा लेखा नियन्त्रक कार्यालय कावासोतीको धरौटी खातामा धरौटी वापत देहाय बमोजिमको नगद रकम जम्मा गर्नुपर्नेछ बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

(क) व्यक्तिको हकमा पचास हजार रुपैयाँ

(ख) संस्थाको हकमा दुई लाख रुपैयाँ

५.स्थानीय तहलाई भू.सेवा केन्द्र अनुमति लिन र नवीकरण गर्न कुनै दस्तुर लाग्नेछैन ।

६. भू.सेवा केन्द्र सञ्चालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ । तर पहिलो पटक सूचना प्रकाशित भएको हकमा असार मसान्तसम्म हुनेछ ।

बैंक तथा वित्तीय संस्था सहकारी , कर्मचारी संचयकोष , नागरिक लगानीकोष जस्ता संस्थाहरुको धितोबन्धक र रोक्का फुकुवा प्रयोजनका लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको मालपोत कार्यालयमा अनलाइन निवेदन पेश गरी अनुमति प्राप्त गर्नु पर्नेछ । प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकतानुसार वा आफ्ना शाखा कार्यालयहरुलाई युजर वितरण गर्न सक्नेछ ।

यस सूचनामा उल्लेख नभएको अन्य कुरामा भू.सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ बमोजिम हुनेछ ।

प्रेम बहादुर दौल्याल
प्रमुख मालपोत अधिकृत